पैयूँ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हुवास,पर्वत

गण्डकी प्रदेश, नेपाल

प.स. २०७६/०७७

च.नं

**सिलवन्दी दरभाउपत्र आह्वानको सूचना**

**आ.व.२०७६/६७**

प्रथम पटक प्रकाशित मिति : २०७६/०४ /२६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४(१) अनुसार आ.व. २०७६/०७७ को लागि यस पैयूँ गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने ढुङ्गा, गिट्टी, बालुवा, विक्री कर उठाउन स्थानिय राजश्व परामर्श समितिको सिफारिस तथा गाउँ कार्यपालिकाको मिति २०७६।०३।२१ गते बसेको बैठकको निर्णय वमोजिम तोकिएको दर रेट अनुसार (ढुङ्गा, गिट्टी, बालुवा, रोडा उत्खनन्/संकलनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार) ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले तोकिएको न्यूनतम अंकमा नघट्ने गरि नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुवाट वा निजको अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयवाट सिलवन्दी दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक पेश गर्न सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ।

शर्तहरु

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयवाट फिर्ता नहुने गरि रु.१०००। (अक्षरुपी एक हजार) मात्र तिरी सिलवन्दी दरभाउपत्र फाराम प्राप्त गर्न सकिने छ।

२. दरभाउ पत्र फाराम प्राप्त गर्दा आ.व.२०७५/०७६ सम्मको नविकरण तथा चालु आ.व.को लागी मान्यता प्राप्त भएको फर्म वा कम्पनी भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी, दर्ता प्रमाण पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी साथै आ.व.२०७४/०७५ को कर चुक्ता विवरणको प्रतिलिपी संलग्न राखि निवेदन पेश गर्नु पर्ने छ।

३. सूचना प्रकाशित भएको १६ औं दिन दिनको ठिक १२:०० वजे भित्र रितपूर्वक सिलवन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

४. रितपूर्वक कार्यालयमा दर्ता भएका सिलवन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको १६ औं दिन दिनको २:०० वजे फर्म वा कम्पनीको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। फर्म वा कम्पनीको प्रतिनिधीहरु उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन। सिलवन्दी दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा लगत्तै पछि कार्यालय खुलेको दिनमा हुनेछ।

५. दरभाउपत्र फाराम भर्दा सवै विवरण खुलाई केरमेट नगरि कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

६. सिलवन्दी दरभाउपत्र साथ कवोल गरेको जम्मा अंक (भ्याट समेत) को ५ प्रतिशतले हुन आउने रकम जमानत वापत यस कार्यलयको नेपाल वैक लि, कुश्मा शाखामा रहेको ग.३ धरौटी खाता (06603000000003000010) मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाउँमा "क" वर्गको वैंकवाट जारी भएको नियमानुसारको वैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ।

७. रित नपुगेको वा कुनै शर्त राखिएका सिलवन्दी दरभाउपत्रहरु स्विकृत गरिने छैन।

८. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. यस सम्वन्धमा अन्य कुराँहरु प्रचलित कानुन वमोजिम हुने छ।

१०.अन्य थप जानकारी आवस्यक भएमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं.०६७४११०१ मा सम्पक गर्न सकिनेछ।

| क.स. | ठेक्का नं. | ठेक्काको नाम | कामको विवरण | न्यूनतम अंक रु. (भ्याटवाहेक) | फाराम दस्तुर फिर्ता नहुने गरि रु. |
|---|---|---|---|---|---|
| १. | ०२/०७६/७७ | गिट्टी, ढुङ्गा, बालुवा, आदिको बिक्री | सेतीखोला हातेमालो चोक, डुंड नाका भोर्ले, डुंडनाका दोस्रो भोर्ले र विनु मा.वि.सरौं मुनिको छत्तीसे वगरवाट ढुङ्गा, गिट्टी, बालुवा, आदिको बिक्री कर संकलन। | ६,७०,०००। | १,०००। |

........................

जितबहादुर राना

प्रमुख प्रशासकीय अधिकृत

जितबहादुर राना

प्रमुख प्रशासकीय अधिकृत